का.जि.प्र.का. द.नं. ०२/०६०

"अधिकार र कर्तव्यको लागि शिक्षक एकता"
(Teacher's unity for rights and responsibility)

# नेपाल शिक्षक महासङ्घ
## राष्ट्रिय समिति
सानोठिमी, भक्तपुर

प.सं.

मितिः २०८२।०१।१७

च.नं. ८/२०८२

### विज्ञप्ति

नेपाल शिक्षक महासङ्घ राष्ट्रिय समितिको आयोजनामा २०८१ माघ २० गतेबाट शिक्षक/ कर्मचारी आन्दोलन भइरहेको विदितै छ। यसक्रममा २०८१ चैत्र २० गतेदेखि काठमाडौं केन्द्रित सडक आन्दोलन चलिरहेको छ।

नेपाल सरकार, शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र नेपाल शिक्षक महासंघ बिच विगतमा भएका सहमति/ सम्झौतालाई ध्यानमा राखी नयाँ विद्यालय शिक्षा ऐन २०८२ आषाढ १५ गते भित्र प्रतिनिधि सभाबाट पारित गर्न शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिका सभापति र सत्तापक्षका संसदीय दलका प्रमुख सचेतकहरुबाट मिति २०८२।०१।१७ गते लिखित प्रतिबद्धता व्यक्त भएकोले तोकिएको समयमा विद्यालय शिक्षा ऐन जारी हुने विश्वास लिएका छौं।

साथै नेपाल सरकार मन्त्रिपरिषदबाट निर्णय गरी सम्बोधन हुने केही मागहरु समेत निर्णय भई आएकोले आजकै मितिबाट लागू हुने गरी आम शैक्षिक हड्ताल तथा सडक प्रदर्शनका सबै कार्यक्रम स्थगित गरेका छौं। आजकै मितिबाट विद्यालय भर्ना, नियमित कक्षा सञ्चालन, परीक्षा सम्बन्धी सबै काम गर्न गराउनु हुन सबैमा अनुरोध छ। साथै तोकिएको समयमा ऐन जारी नभएमा नेपाल शिक्षक महासङ्घ फेरि अहिले भन्दा कडा सडक आन्दोलनमा जान वाध्य हुनेछ ।

तुलाबहादुर थापा
महासचिव
नेपाल शिक्षक महासंघ

लक्ष्मीकिशोर सुवेदी
अध्यक्ष
नेपाल शिक्षक महासंघ

## विद्यालय शिक्षा विधेयक पारित गर्ने सम्वन्धमा प्रतिवद्धता

विद्यालय शिक्षासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८० यथाशीघ्र पारित हुनुपर्ने लगायतका माग राखी नेपाल शिक्षक महासङ्घको आह्वानमा सामुदायिक विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरूबाट मिति २०८१ चैत २० गतेदेखि काठमाडौं केन्द्रित पेशागत आन्दोलन जारी रहेको छ। नेपाल सरकार र नेपाल शिक्षक महासंघबिच विगतमा भएका सहमति/समझदारी समेतलाई ध्यानमा राख्दै आन्दोलनको मुख्य मागका सम्वन्धमा छलफल गरी देहायबमोजिम गर्ने प्रतिबद्धता ब्यक्त गर्दछौं:-

सङ्घीय संसदमा विचाराधीन विद्यालय शिक्षासम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयक, २०८० लाई छिटो पारित गराउने समेत उद्देश्यले नेपाल सरकारबाट मिति २०८२/०१/१२ गतेदेखि संसदको वर्षे अधिवेशन आह्वान भई अधिवेशन चालु रहेको अवस्था छ। कानून निर्माणको प्रचलित बन्दोबस्त अनुसार प्रतिनिधिसभामा विधेयक उपर सैद्धान्तिक छलफल सम्पन्न गरी शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिमा पठाइएको विधेयक उपर विस्तृत छलफल र अध्ययन गरी त्यसमा छिटो छरितो रुपमा कार्यसम्पादन गर्ने उद्देश्यले मिति २०८१/१२/०८ गते उपसमिति गठन भएको थियो। उपसमितिले विधेयक उपर दफाबार छलफल गरी निरन्तर काम गरिरहेको अवस्था छ। यसै सन्दर्भमा नेपाल शिक्षक महासङ्घ सँग भएका सहमति/समझदारीलाई ध्यानमा राख्दै यो विधेयकलाई **चालू अधिवेशनको असाढ १५** गतेभित्र प्रतिनिधिसभाबाट पारित गराउन आ-आफ्नो तहबाट सम्पूर्ण प्रयास गर्न हामी प्रतिबद्ध रहेका छौं। त्यसैले नेपाल शिक्षक महासङ्घको आयोजनामा जारी रहेको काठमाण्डौ केन्द्रीत पेशागत आन्दोलन अन्त्य गरी आन्दोलनमा सहभागी सम्पूर्ण शिक्षक तथा कर्मचारीलाई आ-आफ्नो विद्यालयको नियमित शैक्षिक गतिविधिमा फर्कन आह्वान गर्दछौं।

मा. महेश बर्तौला, मुख्य सचेतक,
संसदीय दल, नेकपा एमाले

मा. श्यामकुमार घिमिरे, प्रमुख सचेतक
संसदीय दल, नेपाली काङ्ग्रेस

मा. अम्मर बहादुर थापा
सभापति
शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समिति

मिति: २०८२/०१/१७

...................